HELVETAS NEPAL

# कोविड-१९ महामारीका समयमा कर्मचारी हित तथा सुरक्षा

हेल्भेटास नेपालका लागि, कर्मचारीहरुको सुरक्षा सदैव प्राथमिक चिन्ताको विषयमा पर्दछ, यो त्यसबेला झन् विशेष सक्रिय हुन्छ, जुनबेला कर्मचारीहरुको स्वास्थ्यमा ठूलो जोखिम देखिन्छ, जसरी अहिले कोविड-१९ जस्तो महामारीले निम्त्याएको छ । यो निर्देशिकामा महामारीका बेलामा अपनाउनुपर्ने खास कदमहरुको रुपरेखाको वयान गएिको छ । यो निर्देशिका हाल अवस्थित सुरक्षा सम्बन्धी निर्देशिका (Security Response Guidelines), सुरक्षा योजना नेपाल (Safety and Security Plan Nepal), एसडीसी निर्देशिका, नेपाल सरकारको निर्देशिका, प्रधान कार्यालयको सल्लाह सुझाव, र हेल्भेटास राष्ट्रिय कर्मचारी नियमावलीको पुरक निर्देशिकाको रुपमा रहनेछ ।

सबै कर्मचारीबाट तोकिएको कोविड-१९ को रोकथामका विशेष उपायहरुको अनुसरण गर्नेछन् भन्ने अपेक्षा गरिएको छ । यसमा साबुन पानीले हात धुने, कसैसँग हात नमिलाउने र आफ्नो अनुहारमा नछुने, सामाजिक दुरी कायम राख्ने आदि पर्दछन् । ती सबैकुराहरु यसमा दोहोऱ्याइएको छैन ।

सबै कर्मचारीबाट कोविड-१९ रोकथाम सम्बन्धी जनहतिमा जारी गरिएका सरकारी निर्देशनहरुलाई कडाईकासाथ पालना गर्नेछन् भन्ने पनि अपेक्षा गरिएको छ, यी सबै प्रत्येक व्यक्तिको स्वास्थ्यको सुरक्षार्थ हेतु हो । यस सम्बन्धमा कुनै अनिश्चितताका भए आफ्ना लाइन मेनेजरसँग परामर्श लिनुपर्दछ । सरकारी लकडाउनको समयमा कसरी समयको सदुपयोग गर्ने भन्ने कुरा हेल्भेटासको नियममा समावेश गर्नुका साथै सबैमा जानकारी पनि गराइसकेको छ । यस सम्बन्धमा भाइरस संक्रमण नहोस् भन्ने जोखिमबाट बच्न १४ दिनका लागि एकान्तबासमा जानुपर्दछ (जस्तै- सार्वजनिक स्थलमा एकआपसमा २ मिटरको सामाजिक दुरी कायम नगरेको अवस्था) ।

कोविड-१९ महामारी सम्बन्धी हेल्भेटासको नेपालसँग सम्बन्धित कुनै पनि प्रमुख निर्णयहरु कोविड-१९ विशेष टोली (कोर टिम) ले सम्बोधन गर्नेछ, जसमा राष्ट्रिय निर्देशक भरत पोखरेल, कार्यक्रम विकास निर्देशक जेन कार्टर, वित्तीय तथा प्रशासन प्रमुख प्रज्ञा अधिकारी, मानव संशाधन प्रमुख अरुणिमा कायस्थ, र कोभिड१९ सम्पर्क व्यक्ति (फोकल पर्सन) ओम खड्का रहनेछ ।

यो कोविड-१९ को जोखिम अझै केही महिना उच्च जोखिममा रहनेछ भन्ने हामीले पूर्वानुमान गरेका छौं । यसै परिप्रेक्ष्यमा अर्को सूचना नआउञ्जेल सम्मका लागि चाल्नुपर्ने केही कदमहरु विस्तृत रुपमा तल उल्लेख गरिएको छ ।

## जिम्मेवारीहरुको सारांश

महामारीको प्रकृति र संक्रमणबाट बच्न व्यक्तिगत सरसफाईको आवश्यकता भएको कारण प्रत्येक कर्मचारीहरुले आफ्नो सुरक्षाको जिम्मेवारी स्वयंले लिनुपर्नेछ । यद्यपि, केही निर्देशन र रणनीतिक निर्णयका लागि भने कोविड-१९ विशेष टोलीसँग परामर्श गरी राष्ट्रिय निर्देशक समग्र रुपमा जिम्मेवार हुनेछ । परियोजनास्तरको निर्णयहरु गर्नुपर्ने भएमा र व्यवस्थपानको जिम्मेवारी भने परियोजना प्रमुख वा टोली प्रमुखले लिनेछ । परियोजनाका क्रियाकलापहरु तथा कर्मचारीहरु परिचालन सम्बन्धी जिम्मेवारी सम्बन्धित लाइन मेनेजरहरुले सम्हाल्नेछ । कोभिड सम्बन्धी सूचना संकलन, प्रशोधन, सूचना प्रवाह गर्ने जिम्मेवारी कोभिड१९ सम्पर्क व्यक्तिले गर्नेछ । देशीय कार्यालय तथा सबै परियोजनाहरुको कुन लाइन मेनेजर अन्तर्गत मातहतका कति कर्मचारीहरु पर्दछन् भन्ने कुरा छुट्टै परिशिष्टमा दिइएको छ । तलको तालिकाले तहगत जिम्मेवारीबारे ताराचिन्हको संख्याको माध्यमबाट देखाइएको छ । यहाँ * ताराचिन्हबाट जिम्मेवारी सुरु गरिएको छ, त्यसबाट सम्भव नभए ** र त्यसबाट नभए ***, **** गरी सङ्केत गरिएको छ ।

**तालिका १: निर्णय लिने जिम्मेवार व्यक्तिहरुको तह**

| प्रमुख तत्वहरु | कर्मचारी | लाइन मेनेजर | टोली प्रमुख | कोविड-१९ सम्पर्क व्यक्ति | विशेष टोली सहित राष्ट्रिय निर्देशक |
|---|---|---|---|---|---|
| दुर्गम कार्यस्थलबाट स्थानान्तर | | | * | | ** |
| खाद्यान्न आपूर्तिको सुनिश्चितता | * | ** | *** | | **** |
| नियमित लिनुपर्ने व्यक्तिगत औषधि | * | ** | | | |
| कोविड-१९ बाहेकको आपतकालीन बिरामी | * | | * | | * |
| मानसिक स्वास्थ्य | * | ** | ** | ** | |
| जागिरको तनाव | | | ** | | * |
| सम्पर्क | | * | * | | * |
| सूचना संकलन तथा प्रवाह | | | | * | |
| यातायात | | * | * | | * |
| कोविड-१९ संक्रमित कर्मचारीको उपचार | * | ** | ** | | ** |
| सामाजिक कोष | | | | | * |

## १. कर्मचारीहरुको स्थानान्तर

कर्मचारीहरु जो घरपरिवारबाट टाढा रही आफ्नो कार्यस्थलमा रहेका छन् (कर्मचारीको सूची परिशिष्ट २ मा उल्लेख गरिएको छ) आफूले इच्छाएको खण्डमा स्थानान्तरणका लागि आवेदन दिन सक्नेछ । कर्मचारी जो फिल्डमा छन्, उनीहरुलाई विशेष प्राथमिकता दिइनेछ । तर, संस्थाले यदि उनीहरु त्यतै सुरक्षित छन् भने कर्मचारीहरुलाई त्यहीँ रहनको लागि निर्देश गर्दछ । स्थानान्तरणको लागि ग्यारेन्टी दिन सकिनेछैन, तर औचित्यकासाथ आग्रह गरिएको र यदि कोभिड१९ को संक्रमण हुने खतरा छैन भने संस्थाले सम्बन्धित आधिकारिक निकाय विशेष गरी एस्डीसीको स्वीकृति पश्चात् मात्र स्थानान्तर गर्न मञ्जुर हुनेछ ।

## २. आवश्यक खाद्यान्न तथा ग्यासको उपलब्धता

सबै कर्मचारीहरुले आफू र आफ्नो परिवारका सदस्यहरुले राम्ररी पकाएर गुणस्तर र पोषणयुक्त खानेकुरा खान पाउने कुराको सुनिश्चितता कर्मचारी स्वयंको जिम्मेवारी हो । विशेषगरी शरीर स्वस्थ राख्न र संक्रमण हुन नदिन रोगप्रतिरोध क्षमता बढाउन ताजा फलफूल र तरकारीहरु खानुपर्दछ ।

लकडाउनमा बाहिर निस्कन नपाएको कारणले कर्मचारीहरु जो यस्ता स्वस्थ खानेकुराहरु बन्दोबस्त गर्न पाएका छैनन् भने आफ्नो लाइन मेनेजरलाई सूचित गर्नसक्नेछन्, जसले सम्बन्धित स्थानीय निकायसँग समन्वय गरेर त्यसको व्यवस्था गर्न कोशिस गर्नेछन् । कर्मचारीहरुसँग यदि पैसाको अभाव भएको खण्डमा आफ्नो लाइन मेनेजरसँग इमेल मार्फत् एडभान्स रकमको लागि आग्रह गर्नसक्नेछन् ।

## ३. नियमित लिनुपर्ने व्यक्तिगत औषधिको उपलब्धता

प्रायः कर्मचारीहरुले चिनीरोग, तनाव, मुटुरोग, किडनी समस्या आदिका लागि नियमित रुपमा औषधि सेवन गरिरहेका छन् । कर्मचारीहरु जो नियमित रुपमा औषधि लिने गर्छन्, आफ्नो औषधि पर्याप्त मात्रामा छ छैन हेर्ने जिम्मेवारी कर्मचारी स्वयंको हो । यस्ता कर्मचारीहरु कोविड-१९ को संक्रमण हुने उच्च जोखिममा पर्ने कुरामा सचेत हुन जरुरी छ । त्यसकारण, अरु मानिसको सम्पर्कमा नआई घरैभित्र बसी संक्रमण हुनबाट बच्न विशेष हेरचाहमा ध्यान पुऱ्याउनुपर्छ । शहरी क्षेत्रमा हुनेहरुले अनलाईन सेवा मार्फत् औषधि उपलब्ध गराउन सक्नेछन् ।

लकडाउनमा बाहिर निस्कन नपाएको कारण कर्मचारीहरु जो आफ्नो नियमित लिनुपर्ने औषधिहरु लिन सकिरहेका छैनन् भने आफ्नो लाइन मेनेजरलाई सूचित गर्न सक्नेछन्, जसले सम्बन्धित स्थानीय निकायसँग समन्वय गरेर त्यसको व्यवस्था गर्न कोशिस गर्नेछन् ।

## ४. कोविड-१९ बाहेक अन्य कारणले बिरामी भएका कर्मचारीहरुलाई सहयोग

लकाउनको अवधिमा कर्मचारीहरुलाई गम्भीर स्वास्थ्य समस्या पर्न सक्ने सम्भावना पनि हुनसक्छ, जुन साधारण वा नियमित औषधिले काम नगर्नसक्छ, त्यस्तो गम्भीर समस्या परेको खण्डमा, सम्बन्धित कर्मचारीले आफ्नो टोली प्रमुखलाई तुरुन्त जानकारी दिनुपर्दछ। राष्ट्रिय निर्देशकको परामर्श लिई टोली प्रमुखले सम्बन्धित निकायसँग समन्वय गरी अस्पतालसम्म पुऱ्याउने व्यवस्था गरिदिनेछ। हृदयघात जस्तो आपतकालीन अवस्थामा भने जो अगाडि छ उसले तुरुन्त एक्बुलेन्सलाई फोन गरेर छिटोभन्दा छिटो टोली प्रमुखलाई जानकारी गराउनु पर्दछ। यस्तो बेलामा यदि तुरुन्तै चिकित्सकीय सेवा पाउन नसकेको अवस्थामा प्राथमिक उपचार तालिम लिएका कर्मचारीहरुबाट स्रोत व्यक्तिको रुपमा परामर्श लिन सकिनेछ।

## ५. मानसिक रुपमा अस्वस्थ कर्मचारीहरुलाई सहयोग

कोविड-१९ को महामारीले सबैलाई एकतहको चिन्ता लिन वाध्य बनाएको अवस्था छ। केही कर्मचारीहरुको हकमा भने, यसले अत्यन्तै गम्भीर मानसिक रुपले अस्वस्थ बनाएको अवस्था छ - विशेषगरी यदि उनीहरु र आफन्त कोही बिरामी भएको अवस्था छ (बुँदा नं. ८ मा उल्लेख)। नियमितरुपमा मातहतका कर्मचारीहरुको हालखबर बुझिरहनु र भावनात्मक रुपमा समर्थन र प्रोत्साहित गरिरहनु लाइन मेनेजरहरुको जिम्मेवारी हो। यदि मानसिक रुपमा अस्वस्थ भएको खण्डमा मनोसामाजिक परामर्शको लागि सिफारिश गर्नुपर्दछ। हेल्भेटासले सामी परियोजना मार्फत् व्यावसायिक मनोसामाजिक परामर्शदाताहरु सम्पर्कमा ल्याएका छन्, जसबाट कर्मचारीहरुले चाहेको खण्डमा कुनै समयमा नि:शुल्क परामर्शकक्षा लिन सकिनेछ (जस्तै- यस्तो संकटको बेलामा कसरी सकारात्मक सोच ल्याउने)। आवश्यक परेको खण्डमा यस्ता कक्षाहरुमा आफ्ना परिवारका सदस्यहरुलाई पनि संलग्न गराउन सकिनेछ। कर्मचारीहरु जसलाई व्यक्तिगत सहयोगको खाँचो भएमा वा कुनै अन्य सेवा प्रदायकको चाहना राखेमा आफ्नो टोली प्रमुख वा कोविड-१९ सम्पर्क व्यक्तिलाई आग्रह गर्नसक्नेछन्, जसले आवश्यक चाँजो मिलाइदिन सहयोग गर्नेछन्। यस सम्बन्धी खर्च संस्थाले बेहोर्ने छ।

## ६. जागिरको अनिश्चितताले गर्दा हुने तनाव व्यवस्थापन

कोविड-१९ को आपतकाली अवधिभर व्यवस्थापनले (हेर्नुस् परिशिष्ट १) दातृ निकाय तथा हेल्भेटासको प्रधान कार्यालयबाट आउने निर्णयहरु र कर्मचारीहरुको जागिरको सुनिश्चितता, तलब, बिदा, कार्यालय बाहिर रहेर काम गर्ने र अन्य लाभकारी योजनाहरु नियमित रुपमा सूचित गर्नेछ। कर्मचारीहरुले आफ्नो संचित तलबी विदाको उपयोग गर्नुपर्नेछ। त्यसपछि वर्षदिनमा वा करार अवधिभर संचित हुने विदाको प्रयोग गर्नुपर्नेछ। यदि संचित तलबी विदा नभएको खण्डमा बेतलबी विदा लिन सकिनेछ।

## ७. करार सम्झौता

हेल्भेटासले एउटा कर्मचारीहरुको सूची तयार पार्नेछ, जसमा उनीहरुको हालको आवासीय ठेगाना (कार्यस्थल, घर वा अन्य), सम्पर्क नम्बर, वैकल्पिक सम्पर्क नम्बर र अन्य विवरणहरु रहनेछ। निर्धारित ढाँचामा मातहतका कर्मचारीहरुको अद्यावधिक अभिलेख राख्नु टोली प्रमुख तथा लाइन मेनेजरहरुको जिम्मेवारी हो। साथै प्रत्येक कर्मचारीहरुको जिम्मेवारी चाहिँ आफ्नो मोबाइल सँधै पावर र ब्यालेन्स दुवै फुल चार्जमा राख्नु हो।

## ८. सूचना प्रवाह

सूचना र समाचारको आदानप्रदानको लागि हेल्भेटास भाइबर समूह र विभिन्न परियोजनाको भाइबर समूह पनि स्थापना गरिएको छ। कर्मचारीहरुले आफैले कुनै जानकारी त्यसमा आफैले अपलोड नगरी बरु ओम खड्कालाई पठाइदिन सक्नुहुनेछ, हेल्भेटास नेपाल कोविड-१९ सम्पर्क व्यक्तिले ती जानकारीहरु छानेर अपलोड गर्नेछ।

महामारीको बारेमा अत्यधिक तनावग्रस्त हुनबाट जोगिन कर्मचारीहरुलाई दिनको दुईतीन पटक समाचारहरुबारे अद्यावधिक हुन प्रोत्साहन गरिन्छ। विशेष ध्यान दिनुपर्ने कुरा के हो भने धेरै समाचारहरु भ्रामक हुने हुनाले त्यस्ता भ्रामक समाचारहरुको पछि नलाग्न र विश्वसनीय स्रोतबाट प्रसारित समाचारहरु मात्र सुन्न हेर्न सल्लाह दिइन्छ। जस्तै- विश्व खाद्य संगठन https://www.who.int/health-topics/coronavirus, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय https://heoc.mohp.gov.np/

यदि शंका लागेमा, कृपया कोविड-१९ सम्पर्क व्यक्तिसँग सोध्नुहोला।

**९. यातायात**

माथि उल्लेख गरिए अनुसार सबै कर्मचारीहरुले कडाइकासाथ सरकारी लकडाउनको पालना गर्नु आवश्यक छ। यसको मतलब नेपाल सरकारले अनुमति दिए बाहेक आफ्नो घरबाट बाहिर आवागमनमा रोक लगाउनु पर्दछ । लकडाउन समाप्त भएपछि, यात्रामा प्रतिबन्ध अझै लाग्न सक्ने हुनाले, कुनै पनि आवागमनका लागि लाइन मेनेजरसँग छलफल गरी सहमत हुनु आवश्यक छ ।

हेल्भेटासले केन्द्रीय तहमा सबै हेल्भेटास र एसडीसी सवारी साधन र चालकहरुको स्थानको एउटा अभिलेख राखी आवश्यक परेमा द्रूत तैनातीको लागि तयार पारिएको छ ।

**१०. कोविड-१९ बाट संक्रमित र संक्रमणको शंका लागको कर्मचारीहरुलाई सहयोग**

कोविड-१९ को मुख्य लक्षणहरु भनेको ज्वरो, सुख्खा खोकी र सास फेर्न गाह्रो हुनु हो । अन्य लक्षणहरुमा थकान, हाच्छिउँ आउनु र शरीर दुख्नु हो । केही कोविड-१९ का बिरामीहरुका अनुसार गन्ध र स्वाद थाहा नभएको र/वा पखाला लाग्ने पनि हुन्छ । यदि यस्ता लक्षणहरु देखा परेमा -

- तुरुन्तै घरका अन्य सदस्यहरुबाट आफूलाई टाढै राखी एकान्तवासमा बस्ने र आराम गर्ने,
- आफ्नो लाइन मेनेजरलाई सूचित गर्ने,
- फोनबाटै चिकित्सकलाई सम्पर्क गर्ने र चिकित्सकीय सल्लाह लिने,
- दैनिक रुपमा ज्वरो नाप्ने ।

कृपया नडराउनुहोस्- याद गर्नुहोस् कि विश्वमा आजको मिति सम्ममा औषधि पत्ता नलगाउँदै पनि ८० प्रतिशत कोविड-१९ का बिरामीहरु निको भएका छन् ।

हेल्भेटासस नेपाल (कोविड-१९ सम्पर्क व्यक्ति) ले विशेष गरी कोविड-१९ सम्बन्धी परामर्श लिन सकिने गरी सम्पर्क नम्बर सहित डाक्टरहरुको एउटा सूची तयार पार्नेछ। अर्को उपयोगी सूचनाको स्रोत भनेको चिकित्सकीय डाक्टरहरुसँग निःशुल्क भिडियो फोन गर्ने सुविधा हो, कोविड-१९ सम्पर्क व्यक्तिले भरपर्दो लिङ्क सबैलाई उपलब्ध गराउनेछ। ढुक्क हुनको लागि कर्मचारीहरुको परीक्षण गरिनुपर्दछ । यदि परीक्षण सेवा उपलब्ध छैन भने, लाइन मेनेजरले लक्षणहरु टिपोट गरी टोली प्रमुखलाई सूचित गर्नुपर्दछ र राष्ट्रिय निर्देशकलाई जानकारी गराउनु पर्दछ। यदि आवश्यक परेमा, हेल्भेटासले कोविड-१९ को विरामी कर्मचारीलाई तोकिएको कुनै सरकारी अस्पतालसम्म ल्याउने व्यवस्था गर्ने कोशिस गर्नेछ। यद्यपि, यसमा हेल्भेटासको सवारी साधनको प्रयोग गरिने छैन किनकि यसले अन्य कर्मचारीहरुलाई संक्रमणको जोखिममा पार्नेछ ।

जो व्यक्ति तीब्र श्वासप्रस्वासको समस्याका भएको व्यक्तिसँग (लक्षणहरु सुरु हुनुभन्दा २ दिन अगाडि) वा एक निश्चित संक्रमण भएको व्यक्तिसँग (उनीहरु पोजिटिभ हुन् भन्ने पहिचान हुनुभन्दा १० दिन अघिसम्म) नजिकको सम्पर्कमा आएका थिए भने-

- पीडित व्यक्ति अलग्गै एकान्तबासमा गएपछि १० दिनसम्म आफ्नै घरमा एकान्तबास बस्नुपर्ने,
- एउटै घरमा बस्ने परिवारका सदस्य बाहेककासँग सम्पर्क गर्ने र स्वःएकान्तवासको पालना गर्ने,
- कोविड-१९ को मानक- व्यक्तिगत स्वास्थ्य र सिफारिश गरिएका सुरक्षाहरु अपनाउने,
- यदि उनीहरुमा लक्षणहरु देखापर्न थाले भने, उनीहरुको स्वास्थ्यस्थिति निरीक्षण गर्ने र माथि उल्लेखित निर्देशनाहरुको पालना गर्ने,

**११. हेल्भेटास सामाजिक कोषको उपयोग**

विशेषगरी अप्ठेरो परिस्थितिको सामना गरिरहेका कर्मचारीहरुलाई हेल्भेटास सामाजिक कोषबाट सहयोग गर्न सकिने छ । कोविड-१९ महामारीले यस्तो अप्ठेरो परिस्थिति ननिम्त्याउला भन्न सकिन्न । यस्तो अवस्था आएको खण्डमा अवस्था हेरेर सामाजिक कोषको नियमानुसार र सामाजिक कोष समितिको निर्णय अनुसार छलफल गरी सम्भव भएसम्मको सहयोग गरिनेछ ।

**कोविड-१९ विशेष टोली**

***रडक्ष्लल्न ह्नइशब्ज ज्ञ ग्रज गज्मैजाउगज्रे. एउजा ज्ञ क्षलक्ष्मज. ।जी) . लाखब***

**७ अप्रिल २०२०)**

**परिशिष्ट १. मुख्य कर्मचारी तथा टोली प्रमुखहरु**

| नाम | कार्य स्थल | फोन नम्बर | इमेल ठेगाना |
|---|---|---|---|
| भरत पोखरेल | काठमाण्डौं | ९८५१०६२००२ | Bharat.Pokharel@helvetas.org |
| जेन कार्टर | काठमाण्डौं | ९८५१०४४४२१ | Jane.Carter@helvetas.org |
| प्रज्ञा अधिकारी | काठमाण्डौं | ९८५१०७०३३३ | Pragya.Adhikari@helvetas.org |
| अरुणिमा कायस्थ | काठमाण्डौं | ९८५१०१६३८६ | Arunima.Kayastha@helvetas.org |
| ओम खड्का | काठमाण्डौं | ९८५१०३९७१९ | Om.Khadka@helvetas.org |
| सीता घिमिरे | काठमाण्डौं | ९८५१०७०९०३ | Sita.Ghimire@helvetas.org |
| सुधा खड्का | काठमाण्डौं | ९८५११५२७९२ | Sudha.Khadka@helvetas.org |
| सुवास सुवेदी | काठमाण्डौं | ९८५१०५५१५७ | Subas.Subedi@helvetas.org |
| बद्री श्रेष्ठ | काठमाण्डौं | ९८५१२४४३३२ | Badri.Shrestha@helvetas.org |
| बालमुकुन्द न्यौपाने | काठमाण्डौं | ९८४१३५५००६ | Balmukunda.Neupane@helvetas.org |
| निरज आचार्य | काठमाण्डौं | ९८५१२३५९८४ | Niraj.Acharya@helvetas.org |
| बद्री मानन्धर | काठमाण्डौं | ९८४१६९५८०९ | Badri.Manandhar@helvetas.org |
| मदन भट्ट | सुर्खेत | ९८५८०५१९०२ | Madan.Bhatta@helvetas.org |
| सन्दीप पौडेल | जनकपुर | ९८५८४२१५३८ | Sandip.Paudel@helvetas.org |

**परिशिष्ट २. हेल्भेटास कर्मचारी जो घरपरिवारबाट टाढा रही आफ्नो कार्यस्थलमा रहेका छन्**

| परियोजनाको नाम/दातृ निकाय | कर्मचारी संख्या | कार्यस्थल |
|---|---|---|
| टीबीएसयु- एसडीसी परियोजना | ८ | नेपालगञ्ज, सुर्खेत |
| इन्स्युर- एसडीसी परियोजना | ९ | चितवन, इटहरी, कोहलपुर |
| इएफएसआर- एसडीसी परियोजना | १३ | खोटाङ, ओखलढुङ्गा र रामेछापका विभिन्न पालिकाहरु |
| एनएसडीपी- एसडीसी परियोजना | १९ | काठमाण्डौं, इटहरी, उदयपुर, ओखलढुङ्गा, सुर्खेत र कालीकोटका विभिन्न पालिकाहरु |
| सामी- एसडीसी परियोजना | १२ | काठमाण्डौं, रामेछाप, इटहरी, हेटौंडा, जनकपुर, धनगढी |
| उप जम्मा | ६१ | |
| आइडब्लुआरएमपी- हेल्भेटास परियोजना | १४ | सुर्खेत, दैलेख |
| सम्वृद्धि- आइफाड परियोजना | ४ | इटहरी |
| सजग- ईयु परियोजना | ३ | सुर्खेत, दैलेख |
| इलम- हेल्भेटास परियोजना | २ | जनकपुर |
| उप जम्मा | २३ | |
| राष्ट्रिय कार्यालय | ० | काठमाण्डौं |
| **कुल जम्मा** | ८४ | |

**द्रष्टब्यः** यो तयार पारिएको मितिसम्ममा दुईजना अन्तर्राष्ट्रिय करार अन्तर्गतका विदेशी विशेषज्ञहरु (एक्स्पाट्रायटस्) र एकजना स्थानीय अतिरिक्त करार अन्तर्गत राष्ट्रिय निर्देशक पद बाहेक २९३ कर्मचारी सदस्यहरु हेल्भेटास नेपालको जागिरेका रुपमा रहेका छन् । यी मध्ये ८४ जना कर्मचारीहरु घरपरिवारबाट टाढा आफ्नो कार्यस्थलमा रहेका छन् ।

*अनुवादकः गोपालकृष्ण डंगोल, रोजगार कोषको सचिवालय*